


जिल्ला विवरण

# नुवाकोट

नुवाकोटमा भूकम्प गएलगत्तै वर्ल्ड भिजनले तत्कालका राहत आवश्यकता पूरा गर्नेतर्फ कार्य गरेको थियो । अक्टोबर २०१५ देखि सेप्टेम्बर २०१६ सम्म पुनर्लाभ चरणका क्रियाकलापहरू गरेको थियो ।

अक्टोबर २०१६ बाट सुरु भएको पुनर्स्थापना चरणले उत्थानशीलता निर्माणका लागि प्राथमिकताका निम्न क्षेत्रहरूमा जोड दिएको छ : जीविकोपार्जन, आवास/पूर्वाधार र खानेपानी, सरसफाइ तथा स्वच्छता ।




**वर्ल्ड भिजनको कार्यक्षेत्र**
विदुर नगरपालिका (वडा नं. २, ३), सूर्यगढी गाउँपालिका (वर्डा नं. ४, ५, ६), तादी गाउँपालिका (वडा नं. ४)

- जनसंख्या २,७७,४७१
- ७६% घरधुरी कृषि पेशामा संलग्न
- ५६,३२७ भन्दा बढी मानिस गरिब परिवारका
- ९४.७३% घरहरूमा भूकम्पबाट क्षति
- १८,३२७ मानिसहरू अस्थायी टहरामा
- ६५% घरधुरी सिँचाई सुविधाबाट वञ्चित

*स्रोत : खाद्य सुरक्षा, जीविकोपार्जन तथा पुनर्लाभ सम्बन्धी संयुक्त मूल्यांकन प्रतिवेदन, जनवरी २०१६; नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली ।
सेल्टर क्लस्टर नेपालले नोभेम्बर २०१५ मा गरेको मूल्यांकन ।

## २५,०६० व्यक्ति
आपतकालीन आवास सामग्रीहरूको वितरणबाट लाभान्वित

## ११,२०५ व्यक्ति
कृषिजन्य सहयोग, गोठ पुनर्निर्माण, कृषि उत्पादन सम्बन्धी तालिम सहितको जीविकोपार्जन क्रियाकलापबाट लाभान्वित

## ६२५ बालबालिका
बाल संरक्षण समितिहरूको प्रवर्द्धन र बालबालिका तथा तिनका परिवारलाई मनोसामाजिक सहयोग सहितको बाल संरक्षण क्रियाकलापबाट लाभान्वित

## ११,२०५ व्यक्ति
नगदमा आधारित कार्यक्रमबाट लाभान्वित

## ३८,७५० व्यक्ति
२,०४७ शौचालय निर्माण र २० वटा खानेपानी आयोजनाको पुनर्निर्माण सहितको खानेपानी, सरसफाइ तथा स्वच्छता क्रियाकलापबाट लाभान्वित

## ७,०२६
स्वास्थ्य सामग्री वितरण तथा ६ वटा महिला, किशोरकिशोरी, युवा र बालमैत्री स्थल निर्माण सहितको स्वास्थ्य क्रियाकलापबाट लाभान्वित

## ४,८०० बालबालिका
३ वटा विद्यालय भवनको मर्मत/निर्माण र शैक्षिक सामग्री वितरण सहित शैक्षिक क्रियाकलापबाट लाभान्वित

**उपलब्धिहरू**
**सेप्टेम्बर २०१५ – मार्च २०१७**



# अब हामीले गर्ने काम

## जीविकोपार्जन

- जोखिममा रहेका मानिसहरूलाई व्यावसायिक तालिम
- आयआर्जन क्रियाकलापमा सहयोग
- युवाहरूलाई उद्यमशीलता तालिम
- पेशागत कार्यक्रम गरी युवाहरूलाई सहयोग
- कृषिजन्य सहयोग
- कृषक समूहहरूको क्षमता अभिवृद्धि
- बचत समूह र सहकारीहरूको क्षमता अभिवृद्धि
- बाटो तथा सिंचाइ आयोजनाहरूको पुनर्निर्माण

## खानेपानी, सरसफाइ तथा स्वच्छता

- सामुदायिक खानेपानी आयोजनाहरूको निर्माण तथा पुनर्निर्माण
- विपद् जोखिम न्यूनीकरण र कम खर्चमा पानी शुद्धीकरण गर्ने प्रविधिमा जोड दिँदै स्वास्थ्य तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी क्रियाकलाप

**बाल संरक्षण, स्वास्थ्य, शिक्षा, विपद् जोखिम न्यूनीकरण, लैङ्गिक समता र सामाजिक समावेशीकरणलाई यिनै मुख्य क्षेत्रहरू अन्तर्गत समावेश गरिएको छ**



'हेर्दाहेर्दै एकैछिनमा मेरो घर भूकम्पले ढलाएर धुलोको थुप्रोमा परिणत भयो । अहिले पनि मेरो परिवारका ६ जना सबै तारपोलिन र जस्ता पाताले बारेको अस्थायी टहरामा बसिरहेका छौँ । हामीसँग काम गरी खान खेतबारी पनि छैन, तैपनि आश अझै मरेको छैन । केही महिनाअघि वर्ल्ड भिजनको स्थानिय साझेदार संस्थाले मलाई तीनवटा बाख्रा दिएको थियो । ती बढेर अहिले सातवटा पुगिसकेका छन् । जोखिममा परेका मजस्ता परिवारलाई त्यस्तो समस्याका बेला वस्तुभाउले सहयोग गरेर वर्ल्ड भिजनले साँच्चैको राम्रो काम गरेको थियो । म व्यावसायिक रूपले पशुपालन गरेर केही पैसा बचत गरी एउटा नयाँ घर बनाउने योजनामा छु । त्यसो गर्न सकेँ भने मेरा नातिनातिनाले टाउको छेक्ने ओत पाउँछन् ।'

रिता मगर (४०)
नर्जामण्डप, नुवाकोट

*२०१७ मार्चसम्मको प्रगति विवरण

**वर्ल्ड भिजन इन्टरनेसनल नेपाल**
जिल्ला कार्यालय
बट्टार, नुवाकोट
फोन : ९७७ ०१० ५६१८७१, ५६१९१८

info_nepal@wvi.org
www.wvi.org/nepal
@wvinpl
@wvinepal